# १२

# विश्व पर्यावरणीय आन्दोलनका महिला नेतृहरू

**जयदेव गौतम**

एकजना अमेरिकी महिला राचेल कार्सनले सन् १९६२ मा *साइलेन्ट स्प्रिङ* पुस्तक छापेर सर्वप्रथम वातावरण संरक्षणको कुरालाई शीर्ष प्रचारमा ल्याइन् । अमेरिकीहरू उनलाई 'प्रकृतिकी आमा' पनि भन्छन् । उनले लेखेको सो पुस्तक कतिविधि चर्चित भयो भने प्रकाशनको पहिलो वर्षमै अर्थात् सन् १९६२ मै मेदेखि डिसेम्बरसम्ममा *साइलेन्ट स्प्रिङ*का सातवटा संस्करण प्रकाशित भए । यस पुस्तकका लागि उनले विभिन्न आठवटा पुरस्कार पनि प्राप्त गरिन् ।

यसरी वातावरण प्रदूषणको चर्चालाई अत्यन्त उजागर गर्न र संरक्षणको आवश्यकता भइसकेको औँल्याउन प्रथम महत्वपूर्ण योगदान एउटी महिलाको रह्यो । पछि श्रीमती ब्रण्टल्याण्डको अध्यक्षतामा बनेको ब्रण्टल्याण्ड प्रतिवेदन *हाम्रो साझा भविष्य* (१९९७)मा वातावरणलाई सोझै मानव जीवनसँग जोडियो । राचेल कार्सन, ग्रो हार्लेम ब्रण्टल्याण्ड-जस्ता पश्चिमी महिलाहरूका साथै केन्याकी वानगारी माथाई, भारतका मेनका गान्धी, वन्दना शिवा र मेधा पाटकर आदि केही चर्चित महिला वातावरणविद्हरू हुन् । यीबाहेक, 'चिपको आन्दोलन'मा संलग्न भएका मीरा बेन, बिमला बेन, गोरादेवी र राधा भट्टजस्ता अरू कति महिलाहरू छन् जसले न्यायपूर्ण प्रचार पाउन सकेनन् ।

## पर्यावरणीय चासोमा महिला गौरव - *साइलेन्ट स्प्रिङ*

वातावरण संरक्षणप्रतिको विश्वव्यापी चासोको सन्दर्भमा भए गरेका महत्वपूर्ण घटना तथा गतिविधिहरूको चर्चा गर्ने गरिएको छ । यस्ता चर्चाहरूमा पनि खासगरी साठीको दशकपछि मात्रै बढी तीव्रता आएको हो । र, वातावरण संरक्षणको दिशामा यस्तो तीव्रताको प्रणेता थिइन् एकजना महिला– राचेल कार्सन ।

सन् १९६२ मा प्रकाशित राचेल कार्सनको युगान्तकारी पुस्तक *साइलेन्ट स्प्रिङ* त्यस्तो कोशेढुङ्गा भयो जसले वर्तमान विश्व पर्यावरणीय चासोलाई चरम चुलीतिर डोऱ्याइ

*अस्मिता*, ६(२२): ३०-३६, चैत्र २०५० मा प्रकाशित ।

दियो । हुन त *साइलेन्ट स्प्रिङ*को प्रकाशन पूर्व पनि वातावरणसम्बन्धी कमबेसी चर्चाहरू नचलेका होइनन्, तर यसको प्रकाशनपछि भने वातावरण संरक्षणसम्बन्धी आम चर्चाहरूले विश्वव्यापी मान्यता पाउँदै जानथालेको तथ्य उपेक्षा गर्ने नसकिने यथार्थ हो ।

निजी एवम् व्यवहारिक रूपमा राचेल कार्सन कुनै बहुचर्चित वातावरणविद् होइनन् । उनले कुनै वातावरण संरक्षण अभियान वा यस्तै कुनै आन्दोलन सञ्चालन गरेकी पनि होइनन् । तर त्यही एउटा पुस्तकले उनलाई वातावरण संरक्षणको क्षेत्रमा बिर्सनै नसकिने नाम/व्यक्तित्व बनाइदियो । त्यस्तोविधि चर्चित हुन सफल सो पुस्तकमा के कस्ता कुराहरूलाई समेटिएको थियो त ?

*साइलेन्ट स्प्रिङ*मा कार्सनले पृथ्वीको वातावरणमा क्रमशः ह्रास आउँदै गइरहेको छ भन्ने देखाउँदै यसको संरक्षणतर्फ चासो देखाइहाल्नु पर्ने आवश्यकता औँल्याएकी छन् । जल प्रदूषण, तापीय प्रदूषण, वन विनाशले जन्माएको प्रदूषण, मरुभूमिकरण र माटो प्रदूषणभन्दा धेरैधेरै बढी उनले यो पुस्तकमा कीट-विषादीको प्रयोग तथा त्यसले देखाएको प्रदूषणको परिस्थितिबारे सविस्तार उल्लेख गरेकी छन् । मानव शरीरमा प्रवेश गरेमा १२-१५ वर्षसम्म शरीरमा रही असर देखाउने डीडीटी विषादीको आविष्कार, प्रयोग र परिणाम उनले रोचक ढङ्गले गरेकी छन् । यसको एक अंशः

> सन् १८७४ मा पहिलो पटक कुनै जर्मन भौतिकशास्त्रीद्वारा सूत्रबद्ध गरिएको डीडीटी १९३९ सम्म बालीनाली बरबाद पार्ने शत्रु कीराहरूलाई मार्ने कीटविषादीको रूपमा प्रयोग हुन सकेको थिएन । सोही वर्ष स्वीस वैज्ञानिक पल पुलरले डीडीटीलाई आधुनिक कीटविषादीको रूप दिए र यसकै लागि उनलाई नोबेल पुरस्कारद्वारा सम्मानित समेत गरियो । सर्वप्रथम डीडीटीको प्रयोग दोस्रो विश्वयुद्धमा विषालु कीरा-झिँगा मार्न एवम् सैनिक, शरणार्थी र बन्दीहरूको सुरक्षार्थ प्रयोग गरिएको थियो । शुरुमा कुनै नकारात्मक प्रभाव परेको नदेखेर यसको प्रयोग अचाक्ली बढाइयो । डीडीटी धूलो सजिलै छालाबाट शरीरमा प्रवेश गर्दैनन् । तर तेलमा मिसाइएमा वा निलिएमा, शरीरभित्र प्रवेश गरेमा यो निकै विषाक्त हुन्छ । शरीरभित्र पुगेर यो बोसो जम्मा हुने ठाउँहरू फोक्सो र मृगौला वरिपरि तथा पाचन ग्रन्थीहरूनेर सङ्कलित भई बस्छ । कालान्तरमा यो दीर्घ विषाक्तहरूमा फेरिन्छ र फोक्सो एवम् अरू शारीरिक हिस्साहरूमा प्रतिकूल परिवर्तन ल्याउन थाल्छ ।

यस्तै यस्तै कारणहरूले गर्दा नै अमेरिका, रुस, बेलायत, फ्रान्स, जापानजस्ता विकसित मुलुकहरूले डीडीटी, बीएचसीजस्ता कीट-विषादीमाथि दशकौँ अघिदेखि प्रतिबन्ध लगाएका छन् ।

## श्रीमति ब्रण्टल्याण्ड र हाम्रो साझा भविष्य

नर्वेजस्तो विकसित मुलुककी प्रधानमन्त्री भएर पनि विश्व वातावरण संरक्षणको सन्दर्भमा ग्रो हार्लेम ब्रण्टल्याण्ड आफ्नो नीतिगत योगदानका लागि बढी चिनिन्छिन् । एउटा सम्पन्न युरोपेली देशकी प्रधानमन्त्री भएर पनि उनले वातावरण संरक्षणको क्षेत्रमा काम गर्नेहरूका लागि निष्पक्ष तथ्यहरू अगाडि सारेर आफूलाई सच्चा वातावरणविद्

सावित गरिन् । उनी खासगरी आफ्नो एउटा प्रतिवेदनका लागि विश्वव्यापी रूपमा चर्चित छिन्, जसलाई एउटा महत्वपूर्ण अन्तर्राष्ट्रिय दस्तावेजको रूपमा मान्यता प्राप्त भइसकेको छ ।

राजनीतिमा सक्रिय रहँदा रहँदै पनि ब्रण्टल्याण्ड वातावरण संरक्षणको क्षेत्रमा पनि काम गर्ने गर्थिन् । सन् असीको दशक शुरु हुँदासम्म ब्रण्टल्याण्डले एक गम्भीर वातावरणविद्को रूपमा ख्याति पाइसकेकी थिइन् ।

उनको प्रतिवेदनले स्पष्ट तथ्याङ्क र तर्कको आधारमा अन्तर्राष्ट्रिय गरिबी र असमानता नै वातावरण प्रदूषणको ठूलो कारण ठहर गरेको छ । जे जस्ता कुराहरू गरिए पनि गरिबी र असमानता नमेट्दासम्म वातावरणीय समस्यासँग जुझ्न खोज्नु व्यर्थ भएको ठोकुवा समेत यसले गरेको छ । आजको बहुप्रचलित शब्दावली दिगो विकास (sustainable development) को अवधारणालाई ठोस रूपले अघि सार्न पनि यस प्रतिवेदनले ठूलो सघाउ पुऱ्यायो ।

वातावरण संरक्षणको क्षेत्रमा आफ्नो जीवन र समयलाई निरन्तर खर्च गर्दै आइरहेकी ब्रण्टल्याण्डको भाषण पनि महत्वपूर्ण मानिन्छ । सन् १९९२ मा रियो दि जेनेरियो, ब्राजिलमा भएको आजसम्मको सबैभन्दा ठूलो वातावरणीय भेला– पृथ्वी शिखर सम्मेलनमा उनको भाषण सुन्न कीर्तिमान सहभागी स्रोताहरूको घुइँचो लागेको थियो ।

## केन्याली महिलाहरूको सक्रियताः ग्रीन बेल्ट मुभमेन्ट

सन् १९७७ मा अफ्रिकी मुलुक केन्यामा वन संरक्षणको सवाललाई लिएर एउटा सशक्त र प्रभावकारी आन्दोलन चलाइएको थियो । अनियन्त्रित जङ्गल कटान तथा बढ्दो जनसङ्ख्याको दबाबले केन्यामा भोकमरी र अकालको स्थितिलाई बढावा मिलेको थियो । यही परिस्थितिको सेरोफेरोमा थालिएको उक्त केन्याली वातावरण आन्दोलनलाई नाम दिइयो– ग्रीन बेल्ट मुभमेण्ट । यस आन्दोलनको नेतृत्व एकजना महिलाले गरेकी थिइन् । वानगारी माथाई नाउँकी ती महिला वन विनाश र पर्यावरणीय सङ्कटप्रति देशव्यापी सचेतनाको सिर्जना गर्न तम्सिएकी थिइन् ।

***केन्याका महिलाहरू रूख रोप्न मन पराउँछन्*** सन् १९७० ताकाको कुरा, केन्याकी प्रोफेसर वानगारी माथाई, जो नैरोवीको विश्वविद्यालयबाट उच्च शिक्षा हासिल गर्ने पहिलो महिला पनि हुन्, आफ्नो कार्यसम्बन्धित दुर्गम क्षेत्रको भ्रमणमा श्रीमान्का साथ गएकी थिइन् । उनका श्रीमान् राजनीतिज्ञको रूपमा चिनिन्थे । उनले यो भ्रमणमा आफ्नो कार्यक्षेत्रभन्दा बाहिरका दुई गम्भीर समस्याको सामना गर्नुपऱ्योः

- गाउँका महिलाको दयनीय अवस्था
- वनको हालत

धेरैजसो गाउँका महिलाहरूको स्थिति एकदमै सोचनीय थियो। यस्ता महिलाहरूसित जीवन निर्वाह गर्ने कुनै साधन थिएन । यस्ता महिलाहरू प्रायः पतिद्वारा छोडिएका हुन्थे । त्यति मात्र नभै त्यहाँका भू-दृश्य (landscape) समेत महिलाहरूको प्रगतिको मार्गमा रोकावट थिए । महिलाहरूलाई आफ्ना दैनिक प्रयोगका निम्ति दाउरा पात खोज्न कोसौँ पर जानु पर्थ्यो । केन्याका मानिसहरूले शीतल छायाँ, गाँस र वास प्राप्त गर्दै आइरहेका अग्ला अग्ला रूखहरूको तीव्र गतिमा संहार र कटाइ हुँदै थियो ।

केन्याका यी समस्याहरूको निराकरण गर्न प्रोफेसर माथाईले महिलाहरूलाई रोजगारी दिने एवम् वन विनाश रोक्ने योजनाअनुरूप ग्रीन बेल्ट मुभमेण्ट नामक संस्थाको खोज गरिन् । जसले दुर्गम क्षेत्रका विधवा, एक्ली र बेसहारा महिलाहरूलाई बीजाङ्कुर गर्ने तरिका र स्थानीय कृषकलाई बिरुवा बेचबिखन गर्नेसम्बन्धी तालिम दिन्थ्यो । त्यस संस्थाले परम्परागत बीजहरूका साथै बिरुवा रोप्न प्लाष्टिकका साना थैली, माटो र अन्य उपकरणहरू वितरण गर्थ्यो ।

संस्थाले महिलाहरूलाई बेर्नाको रेखदेखका साथै बेचबिखनको तालिम पनि दिन्थ्यो ताकि उनीहरू अन्य किसानहरूलाई पनि राम्रो बिरुवा कसरी उमार्ने भन्नेबारे सल्लाह दिन योग्य बन्न सकून् । बिरुवा रोप्नुअगाडिको सम्पूर्ण कार्यको जिम्मेवारी महिलाहरूले बहन गरेका हुन्छन्, जस्तै बिरुवा रोपिसकेपछि मलजल गर्ने, गोडमेल गर्ने कार्य । बिरुवा हुर्कन ६ महिना जति लाग्छ र ६ महिनासम्मको जिम्मा पूरा गरेपछि उनीहरूले आ-आफ्नो आय प्राप्त गर्छन् ।

ग्रीन बेल्ट मुभमेण्ट अन्तर्राष्ट्रिय सहायताबाट एक वर्षअगाडिदेखि सञ्चालित भइरहेको हो । प्रो. माथाईले पनि अन्तर्राष्ट्रियस्तरका धेरै सम्मानहरू प्राप्त गरिसकेकी छन्, जसमा संयुक्त राष्ट्र सङ्घको ग्लोबल-५०० पुरस्कार पनि पर्दछ। माथाईको प्रयासले गर्दा उत्प्रेरित भएका समूहको सहायताबाट आज केन्यामा रूख बिरुवा रोप्नुलाई पहिलो प्रमुख प्राथमिकता दिइन्छ । त्यहाँका स्थानीय महिलाहरू फलफूल, इन्धन र गाईबस्तुका निम्ति लाभदायक बोट, बिरुवा, रूखहरू रोप्न मन पराउँछन् । आजभोलि केन्यामा रूख-बिरुवाको महत्व थाहा नपाउने महिलावर्ग र आफ्नो बेर्नाघर नर्सरी नभएको गाउँ बिरलै भेट्टाइन्छ । यो सबै एउटी महिलाकै प्रयत्नको फल हो ।

## वन्दना शिवा र इकोफेमिनिज्म

विश्व वातावरणीय संरक्षणको प्रयासको क्रममा भारतीय सन्दर्भको उल्लेख गर्दा सुन्दरलाल बहुगुणा, बाबा आमटे, अनिल अग्रवालजस्ता पुरुषहरू जसरी चर्चित छन्, त्यसभन्दा केही बेग्लै ढङ्गले नितान्त निजी पहिचान बोकेकी महिला वातावरणविद् वन्दना शिवाको चर्चा पनि कम्ती हुने गर्दैन । उनी बहुतै निर्भीक लेखक र स्पष्ट एवम् तार्किक वक्ताको रूपमा त्यतिकै परिचित छन् ।

भारतका ग्रामीण एवम् शहरी इलाकाहरूमा अनेक ठाउँ घुमेर वन्दनाले वातावरण विनाश, त्यसको स्वरूप, त्यसले विभिन्न जनसमुदाय र त्यसमा पनि खासगरी

महिलाहरूमाथि पारेको प्रत्यक्ष-अप्रत्यक्ष असरबारे अनुसन्धानात्मक अध्ययन गरिन् । बहुचर्चित चिपको आन्दोलनमा संलग्न अनेक अग्रणी र सहभागी महिलाहरूसँग भेटघाट गरिन् । यसरी यत्रतत्रको वातावरण विनाश एवम् संरक्षणसम्बन्धी धेरै नै अनुभव उनले बटुलिन् । यिनै अनुभवहरूको भरमा वन्दनाले ठाउँठाउँमा प्रवचन मात्र दिइनन्, अपितु केही महत्वपूर्ण पुस्तकहरू पनि प्रकाशित गरिन् । उनले लेखेका विभिन्न पुस्तकहरूमध्ये *स्टेइङ अलाइभ* अत्यन्त चर्चित छ ।

आफ्ना यस्तै अथक प्रयासहरूको कदरस्वरूप वन्दनाले कतिपय राष्ट्रिय-अन्तर्राष्ट्रिय पुरस्कारहरू प्राप्त गरेकी छन् । यस्ता पुरस्कारहरूमध्ये उनलाई दिइएको समानान्तर नोबेल पुरस्कार भनिने राइट लाइभलीहुड अवार्ड सबैभन्दा ठूलो पुरस्कार हो ।

वन्दना आफ्नो पर्यावरणीय नारीवादी दृष्टिकोणका लागि पनि त्यतिकै चर्चित मानिन्छन् । उनको मान्यतालाई 'इकोफेमिनिज्म' अर्थात् पर्यावरणीय नारीवाद भन्ने सैद्धान्तिक नाम दिइएको छ । यसो हुनुको कारण स्पष्ट छ । सुन्दरलाल बहुगुणा र अरू प्रमुख भारतीय वातावरणविद्‌हरू जस्तै वन्दना पनि पश्चिमी देशहरूको भोगवादी संस्कृतिको कट्टर विरोध गर्छिन् । भारतीय हिन्दू संस्कृतिमा परापूर्वकालदेखि नै वातावरण संरक्षणलाई प्रकृति प्रेमको रूपमा पूजित गर्दै आएको तथ्य उनी सगौरव अगाडि सार्छिन् । वन्दना शिवाका लागि प्रकृति र महिला एक-अर्काका पूरक हुन् । प्रकृतिको सुरक्षा महिलाको सुरक्षा हो, किनभने प्रकृतिको विनाशको अर्थ पानी, घाँसपात, दाउरा, इन्धन र खाद्यान्न आदिको उपलब्धि जटिल बन्दै जानु हो । आधुनिक सभ्यता र विकास पुगि-सकेका विश्वका बहुसङ्ख्यक हिस्साहरूमा प्रायः महिलाहरूले उक्त सामग्री सङ्कलन गरी परिवारको गुजारा चलाउनु पर्छ । फलतः वातावरण विनाशपछि ती सामग्रीहरूको दुर्लभ उपलब्धताले प्रत्यक्षतः महिलाहरूलाई नै प्रभावित तुल्याउँछ । यसरी वातावरण विनाशको पहिलो र निर्मम शिकार महिलाहरू नै भएका छन् ।

वन्दना शिवाको एउटा मूलभूत विशेषता नै भन्न मिल्ने यथार्थ के हो भने उनी वातावरण विनाश र संरक्षणका प्रत्येक प्रसङ्गहरूलाई सोझै नारी अस्तित्वसँग जोड्न पुग्छिन् । यस मानेमा उनी उग्र नारीवादी (अल्ट्राफेमिनिष्ट) प्रतीत हुन्छिन् र उनको यस्तो प्रवृत्तिसँग आमव्यक्ति सहमत नहुन सक्छ । उनका लागि त मानौं प्रत्येक नारी जन्मजात प्रकृति संरक्षक भएर हुर्किएकी हुन्छे ।

विगत केही समयदेखि चर्चामा रहेका र विभिन्न सरकार एवम् सम्भ्रान्त वर्गले चलाएका सरलदेखि डरलाग्दा वातावरणीय शब्दावलीहरूबाट सतर्क रहन आम व्यक्तिलाई चेतावनी दिँदै उनी भन्छिन्,- "विश्व ब्याङ्क र अन्तर्राष्ट्रिय मुद्रा कोषजस्ता अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूले विभिन्न देशका सरकार तथा सम्भ्रान्त वर्गहरूसँग मिलेर आम जनताका सङ्घर्ष र विरोधका आवाजहरूलाई अराजनीतिकरण गरिरहेका छन् । यसबाट वातावरण संरक्षणको कुराबाट वातावरण विनाशक पश्चिमी विकास पद्धति र वित्तीय निगमहरूलाई प्राकृतिक सम्पदासँग राइँदाइँ खेल्ने परिस्थिति मिलिरहेको छ ।"

वन्दना शिवा ती तमाम नारीवादीहरूभन्दा नितान्त भिन्न छिन् जो आफूलाई पुरुष सरहकै नारी अधिकार हुनुपर्ने माग वरिपरि केन्द्रित गर्छन् । उनी त नारीत्व र प्रकृतिमा अन्तर्सम्बन्ध स्थापित गर्दै त्यसमा निहित अर्थको गहिराइसम्म पुग्न चाहन्छिन् । निष्कर्षमा पश्चिमी शैलीको यावत् विकास र वैज्ञानिक प्रयोग उनको विचारमा पुरुषतन्त्रीय रहिआएको छ। यसले गर्दा आम महिला नै आधुनिक प्राविधिक विकास र वैज्ञानिकताका निर्मम सिकार हुन पुगेका छन् । वन्दनाले आधुनिक विकासलाई भ्रामक विकास (maldevelopment) को संज्ञा दिएकी छन् । उनका शब्दमा, स्वयम् मानव जीवनको अस्तित्वलाई नै खतरा पुऱ्याउने आधुनिक विकासको ढाँचा नै निश्चित रूपले त्रुटिपूर्ण छ ।

मानव जीवन अस्तित्व (survival) वन्दनाको विचारको मूल आधार हो र जसलाई जल, जमिन र जङ्गलको विनाश गरेर भयानक खतराको सीमातिर धकेलिएको छ। आधुनिक विज्ञान र विकास ऐतिहासिक तथा वैचारिक रूपले पश्चिमी उत्पत्तिका हुन्, पुरुषहरूद्वारा थोपरिएका सबभन्दा पछिल्ला विभत्स अभिव्यक्ति हुन् । वन्दनाको विचारमा, तेस्रो विश्वका अझ खासगरी भारतीय उपमहाद्वीपका महिलाहरूले वातावरण संरक्षणको क्षेत्रमा र मानव जीवनको अजस्र स्रोतको रूपमा रहेको प्रकृतिको रक्षाका लागि अनेक अपत्यारिला कार्यहरू गरेका छन् जसको कल्पनासम्म वातावरण विनाशक पश्चिमी पुरुषतन्त्रले गर्न सकेको थिएन । चिपको आन्दोलन र त्यस समयावधिकै सेरोफेरोमा भएका वातावरण संरक्षणसम्बन्धी महिला सक्रियता यस कुरामा ज्वलन्त उदाहरण हुन् । (...)

## मेधा पाटकर र सरदार सरोवर परियोजना

(...) मेधा पाटकरको जन्म समाजवादी र मजदुर आन्दोलनसित जोडिएको परिवारमा भएको थियो । टाटा इन्स्टिट्च्यूट अफ सोसल साइन्सेजबाट स्नातकोत्तर गरेर उनले 'आदिवासी समाजमाथि विकासको प्रभाव' विषयमा विद्यावारिधि शोध गर्न थालिन् । यही क्रममा तथ्य सङ्कलन गर्न उनी सन् १९७५ तिर गुजरातका आदिवासी क्षेत्रमा पुगिन् जहाँ उनलाई थाहा भयो– नर्मदा क्षेत्रका आदिवासीहरू निर्माणाधीन विशालतम बाँधबाट (यसबारे अघिल्लो लेखमा वर्णन गरिएको छ) आफू विस्थापन हुनेबारे पूर्णतः अँध्यारोमा छन् भने सरकारी अधिकृतहरू आदिवासीहरूको अस्तित्व नै स्वीकार गर्दैनन् बरु उल्टै उनीहरूलाई बलात् विस्थापित गर्न सक्रिय छन् । आदिवासीहरूको असहाय स्थिति देखेर उनी विचलित भइन् र फलतः आफ्नो अध्ययन छाडेर उनीहरूलाई बचाउने कार्यमा तन-मन-धनले जुटिन् । यहींदेखि उनको 'नर्मदा बचाओ आन्दोलन' शुरु भयो ।

नर्मदा बाँध अथवा सरदार सरोवर परियोजनाको विरोधी भएर मात्र होइन मानव अस्तित्वको रक्षा र वातावरण संरक्षणको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएबापत मेधा पाटकरलाई समानान्तर नोबेल पुरस्कार भनिने राइट लाइभलीहुड अवार्ड

(नोभेम्बर १९९१), गोल्डम्यान सार्क एन्भारन्मेन्ट अवार्ड र मेगासेसे पुरस्कार समेत प्राप्त भइसकेको छ। यसरी प्राप्त भएको समग्र पुरस्कार राशि उनले कच्छ–सौराष्ट्र जल विकास योजना र सहयोग विकास कार्यमा लगाइदिइन्।

मेधाकै आन्दोलनको फलस्वरूप परियोजनाको एक दातृ बनेको विश्व ब्याङ्कले परियोजनाको समीक्षाका लागि 'लुइस पेस्टन समिति' निर्माण गर्नुपर्‍यो। र अन्ततः विश्व ब्याङ्कले परियोजनाबाट आफ्नो हातै झिक्नुपर्‍यो।

'नर्मदा बचाओ आन्दोलन'को सक्रियता र मेधाको नेतृत्व अझै चलिरहेकै छ। खद्दरको धोती र ब्लाउज लगाएर मेधा सरदार सरोवर परियोजना कसरी विकास, मानव र पर्यावरणविरोधी छ भन्ने प्रचार गर्दै हिँडिरहेकी छन्। मनुष्य, रूख-बिरुवा र पशुपंक्षीलाई विस्थापित गराउनबाट बचाउने उनको महाअभियान चलिरहेको छ, चल्दै जाने छ, त्यतिबेला सम्म, जतिबेलासम्म वाञ्छित लक्ष्य हासिल हुँदैन।

## अनुपम महिला वातावरणीय चासो - चिपको आन्दोलन

'चिपको' हिन्दी शब्द हो जसको अर्थ हुन्छ टाँसिनु। चिपको आन्दोलन अचेल वातावरण संरक्षणसम्बन्धी कार्य गरिहेकाहरूका निम्ति एउटा उदाहरण बन्ने गरेको छ। कुनै योजना-बद्ध र सङ्गठित शुरुआत बेगर नै भएको यो आन्दोलनले विश्वव्यापी चर्चा मात्र पाएन बरु अनेक राष्ट्रिय अन्तर्राष्ट्रिय पुरस्कार समेत प्राप्त गर्‍यो। भूमि, पानी र वन जोगाउन भएको यस चिपको आन्दोलनमा महिलाहरूको सहभागिता उल्लेखनीय थियो।

मिरा बेन, सरला बेन, विमला बेन, हिमा देवी, गौरा देवी, गङ्गा देवी, बचनी देवी, इतबारी देवी, राधा भट्ट, चमन देवी, र यस्ता अरू दर्जनौं महिलाहरूले चिपको आन्दोलनलाई व्यापक र सफल पार्न अग्रणी भूमिका खेलेका थिए। पुरुष अगुवाहरूको सन्दर्भमा चण्डी प्रसाद भट्ट, घनश्याम सैलानी र धुमसिंह नेगी जस्ता सक्रिय व्यक्तिहरू यस आन्दोलनमा संलग्न थिए। सुन्दरलाल बहुगुणा अर्को एकजना हस्ती बनेर देखा परेका थिए।

एकैसाथ सामान्य पनि र जटिल पनि बोध हुने अर्थगत रूपमा चिपको आन्दोलनको उद्देश्य मूलतः रूख काट्न नदिएर वनको सुरक्षा गर्नु थियो। भारतको उत्तरप्रदेशको गढवाल, कुमाउँ र अलकानन्द उपत्यकाका विभिन्न इलाकामा भएको जङ्गल यसरी बचाइएको थियो। सरकारद्वारा स्वीकृतिप्राप्त ठेकेदारहरू ती क्षेत्रमा वन काट्न जाँदा स्थानीय व्यक्तिहरूले पहिले ती वृक्ष नै काट्न दिएनन्, पछि ठेकेदारहरूले जबर्जस्ती गर्न खोज्दा रेनी गाउँमा महिलाहरूले भने- "यी वनजङ्गल हाम्री आमाजस्ती हुन्। तपाइँहरूले आफ्ना केटाकेटीहरूको बारेमा विचार गर्नुहोस्, उनीहरूकै बारेमा सोच्नुहोस् र हाम्रा यी रूखहरूलाई छाडिदिनुस्।" महिलाहरूको कुरा सुनेपछि ठेकेदारहरू त्यसै फर्किन विवश भएका थिए। पछि ठेकेदार र चिपको आन्दोलनकारीबीच विवाद चर्कँदै जाँदा अन्तिम उपायको रूपमा आन्दोलनकारीहरू रूख ढाल्न नदिन स्वयम् रूखमा नै टाँस्सिए। आफूले रूखलाई बेस्सरी अँगालो मारेर बसेका आन्दोलनकारीहरूले वन

काट्न आएका ठेकेदार एवम् ठेकेदारका कामदारहरूलाई हाँक दिँदै भने– “उसो भए पहिले हामीलाई काट, अनि मात्र रूख काट्न पाउँछौ ।”

ठेकेदारले ल्याएका कामदारहरू हामी रूख ढाल्न आएको हो, मान्छे काट्न होइन भन्दै फर्किए । यसरी वन जोगाउन रूखमा टाँस्सिएर प्रतिरोध गरेको र त्यसमा सफलता पनि प्राप्त गरेकाले यो अन्दोलन चिपको आन्दोलनको नामले प्रख्यात भयो । सन् १९७३ मा यो वन संरक्षण अभियान शुरु भएको थियो र मूलतः ६ वर्षसम्म अर्थात् १९७९ सम्म निकै सक्रिय रूपमा सञ्चालन पनि भइरह्यो । अभियान सफल रह्यो, यस बीचमा भारतको केन्द्रीय कानूनमा पनि केही संशोधन भए, वातावरण संरक्षणसम्बन्धी नीति बन्यो र यस्ता परिस्थितिहरूको बीचमा चिपको अभियान क्रमशः मत्थर बन्दै गयो । हाल यो प्रायः विगत बनिसकेको आभास हुन्छ ।

यस अभियानबारे आफ्नो पुस्तक *स्टेइङ अलाइभ*मा वन्दना शिवाले यसलाई एउटा नारीवादी आन्दोलनको रूपमा व्याख्या गरेकी छन् । प्रकृति र नारी एक-अर्काका पूरक भएकाले प्रकृतिको सुरक्षाका लागि नै महिलाहरू ठूलो सङ्ख्यामा, अझ नेतृत्वदायी स्तरमा संलग्न भएको विचार वन्दनाले पोखेकी छन् । उनका अनुसार, घाँस, दाउरा र पानी गर्नुपर्ने महिलाहरूको जीवन प्रकृति (वन)सँग गाँसिएको छ । चिपको अभियानमा नारीवादी अवधारणा कुन हदसम्म मिसिएको थियो भन्ने सन्दर्भ विवाद एवम् अनुसन्धानको बेग्लै पाटो हो, तर यसमा महिला सहभागिता अत्यन्त बढी र उत्साहवर्धक थियो भन्ने तथ्य उपेक्षा गर्न नसकिने यथार्थ हो । सुन्दरलाल बहुगुणाका शब्दमा, “हामीहरू त केवल दौडाहा मात्र हौँ ।” टेहरी गढवालमा मिरा बेन, सरला बेन र बिमला बेन अनि कुमाउँमा राधा भट्ट वन संरक्षण र वातावरणीय सचेतनामा अग्रिम पङ्क्तिमा थिए । सरला बेनको ७५ औँ जन्मदिनमा सन् १९७५ मा उनलाई उत्तराखण्डका चिपको कार्यकर्ताहरूले हिमालयकी छोरी र सो क्षेत्रकी ‘सामाजिक सक्रियताकी जननी’को संज्ञा दिएका थिए ।

दसोली ग्राम स्वराज मण्डल, पुरोला ग्राम स्वराज सङ्घ, गङ्गोत्री ग्राम स्वराज सङ्घ, बेरिनाग स्वराज ग्राम सङ्घ, काथ्युर ग्राम स्वराज सङ्घ, टकुला स्वराज सङ्घ जस्ता कतिपय स्थानीय सङ्गठनहरू ठाउँठाउँमा सक्रिय थिए । यी सङ्गठन र कार्यकर्ताहरूको सक्रियताले नै चिपको अभियान टेहरी, गढवाल, चमोली, उत्तरकाशी, अलमोढा, कुमाउँ समेत अनेक पहाडी जिल्लाहरूमा विस्तारित भएको थियो ।

वन काट्न पाइने बोलकबोल प्रथामा आधारित ठेकेदारी चलन हाल भारतमा छैन र बाहिरका मान्छे अन्य गाउँमा आई राम्रा राम्रा रूख काट्ने त्यस्तो परिस्थिति पनि छैन । चिपको अभियान सञ्चालित क्षेत्रका महिलाहरूले जङ्गल बचाउ आन्दोलन थाल्नुअघि ठाउँठाउँमा रक्सीविरोधी आन्दोलन सञ्चालन गरेका थिए । बहत्तर वर्षीय श्यामा देवी, ५० वर्षीय गौरा देवीले रूपसा, भक्ती, मासी, हर्की, मालती, फगली र बालादेवी जस्ता अनगिन्ती महिलाहरूसँग मिलेर चिपकोलाई अघि बढाए । बचनी देवीले जङ्गलको ठेकेदार आफ्ना पतिसँगै यस सन्दर्भमा सङ्घर्षसमेत गरेकी थिइन् । ♦